# सिविन-नेपालको
# लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति

**१. प्रस्तावना :**

सिविन-नेपाल बालबालिकाका लागि बालबालिकाका साथमा काम गर्ने बालअधिकारमुखी संस्था भएको कुरालाई मनन गर्दै, राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ (CEDAW), सबै प्रकारका जातिय भेदभाव उन्मूलन सम्बन्धी राष्ट्रसंघीय महासन्धि (The U.N. Convention on the Elimination of All Forms of Racial Discrimination- CERD, 1965), र अन्य मानव अधिकार तथा महिला अधिकारका अन्तराष्ट्रिय मापदण्डलाई आत्मसात गर्दै, सिविनको ध्येय, लक्ष्य, मूल्य, मान्यता तथा उद्देश्य अनुकुल हुनेगरी **"सिविन-नेपालको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति"** को तर्जुमा गरिएको छ ।

**२. परिभाषा**

सिविनको प्रयोजनका सन्दर्भमा सबैको समान बुझाइका लागि निम्न लिखित शब्दहरूको परिभाषा निम्नानुसार गरिएको छ ।

**२.१) लैङ्गिक समानता :** लैङ्गिक समानता भन्नाले महिला र पुरुषलाई मानव विकासका सबै पक्षहरु जस्तै आर्थिक, सामाजिक, सांस्कृतिक, एवं नागरिक तथा राजनैतिक अधिकारको समान रुपले उपभोग गर्ने अवसर प्रदान गरी समाजको सबै क्षेत्रमा समान आदर, समान शक्ति, समान अवसर र समान पहुंचको सुनिश्चितता गर्नुलाई जनाउँदछ ।

**२.२) लैंङ्गिक समता :** लैंगिक समता भन्नाले महिला र पुरुष बीच जिम्मेवारी तथा प्रतिफल, लाभहरूको न्यायपूर्ण बाँडफाड हुनुलाई जनाउँदछ । स्वभाविकरूपमा महिला र पुरुष (बालक र बालिका)का आ-आफ्ना छुट्टा–छुट्टै क्षमता, शक्ति तथा आवश्यकताहरु हुन्छन् । त्यसैले लैंङ्गिक समता भन्नाले यी भिन्नताहरूलाई सहिढंगले पहिचान गरी महिला पुरुष बीच व्याप्त असन्तुलनलाई न्यायपूर्ण तौरतरिकाले संबोधन गरिनु पर्दछ भन्ने कुरालाई पनि समेट्दछ ।

**२.३) सामाजिक समावेशीकरण:** सामाजिक समावेशीकरण भन्नाले समाजमा विद्यमान सबै वर्ग, लिंग, जातजाति, भाषा भाषी, संस्कृतिका सम्भावना र गुणहरुलाई पहिचान गरी त्यसको समानुपातिक विकास नगरे सम्म लोकतान्त्रिक समाज अपूर्ण रहन्छ भन्ने मान्यता अनुसार उनीहरू सबैको पहिचान, सहभागिता, स्वामित्व, मित्रता र विविधताको कदर जस्ता आधारभूत मूल्यहरूलाई प्रत्येक कृयाकलापमा पालना गर्नुलाई जनाउँदछ ।

**२.४) लैङ्गिग तथा समावेशीकरण मूलप्रवाहीकरण:** लैङ्गिक तथा समावेशी सोच र व्यवहारको मूलप्रवाहीकरण भन्नाले लैङ्गिक तथा सामाजिक समावेशीकरणको सवाललाई नीति, योजना तथा

कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्दा सबै तहका कार्यक्रमहरूको अभिन्न अंग बनाउनुलाई जनाउँदछ ।

**३. सिविन लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिका उद्देश्यहरु :**

सिविन लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिका मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन् ।

**३.१**) सिविनले संचालन गर्ने हरेक कार्यक्रम र गतिबिधिका साथै सिविनको आन्तरिक प्रशासनिक व्यवस्थापनमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरुलाई मूलप्रवाहीकरण गर्ने ।

**३.२**) सिविनका सदस्य, कर्मचारी, सम्बद्ध व्यक्तिहरू र साझेदार संस्थाहरूको दृष्टिकोण र व्यवहारलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्मत बनाउन निर्देशित गर्ने ।

**३.३**) सिविनको पहलमा वा साझेदारी वा सहकार्यमा सम्पन्न गरिने सामुदायिक कार्यक्रमहरूमा सिविनको मूल्य र मान्यता अनुरूप समुदायमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणको विषयमा निर्देशित गर्ने ।

**४. मान्यता र सिद्धान्त :**

सिविन-नेपालको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिका सिद्धान्त र मान्यताहरू निम्नानुसार रहेका छन् ।

४.**१**) सिविनका हरेक गतिविधि र कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सवाललाई मूलप्रवाहमा ल्याइने छ र सो प्रकृयामा समताको सिद्धान्तलाई अंगिकार गरिने छ ।

४.**२**) जाति, धर्म, लिंग, उमेर, रंग, भौगोलिक बासस्थान, भाषा, संस्कृति, भेषभूषा, फरक क्षमता, सामाजिक तथा आर्थिक परिस्थितिको आधारमा पछाडि पारिएका वा समाहित नगरिएका बालबालिकाको संरक्षण, विकास र सशक्तिकरणमा जोड दिइने छ ।

४.**३**) जाति, धर्म, लिंग, उमेर, रंग, भौगोलिक बासस्थान, भाषा, संस्कृति, भेषभूषाको आधारमा गरिने हिंसा, दुर्व्यवहार, भेदभाव र शोषण कुनै पनि अवस्थामा स्वीकार्य हुने छैन ।

४.**४**) लैङ्गिक तथा सामाजिक समावेशीकणको सिद्धान्तलाई निशर्त अंगिकार गर्न सक्ने व्यक्ति, संघ संस्था तथा निकायहरूसँग मात्र सिविनको सहकार्य हुनेछ ।

४.**५**) सिविनको संस्थागत विकासको लैङ्गिक तथा सामाजिक समावेशीकरणको नीतिलाई एउटा महत्वपूर्ण आधारको रूपमा लिइनेछ ।

**५. नीति**

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सम्बन्धमा सिविनले निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने छ :

**५.१ बालबालिकासँग प्रत्यक्ष गाँसिएका कार्यक्रमका सम्बन्धमा**

५.१.१) सिविनको कुनै पनि कार्यकम जस्तै संचेतना, बालबालिकाको सहयोग, सहभागिता इत्यादिमा बालबालिकाका लैङ्गिक तथा सामाजिक समावेशीकरणका बिषयलाई प्राथमिकता प्रदान गर्ने ।

५.१.२) जोखिम परिस्थितिका बालबालिकासंग काम गर्दा बालक र बालिकाका फरक आवश्यकतालाई आत्मसात गर्दै आवश्यक सहयोग उपलब्ध गराउने ।

५.१.३) हाम्रो देशमा बालिकाहरु बालकहरूको दांजोमा बढी शोषित र पिडित भएको हुंदा जोखिम परिस्थितिका बालिकाहरुको अधिकार र सशक्तिकरणलाई उकास्नको निम्ति यस सवालमा सचेतना, नीति, योजना तथा कार्यकमहरु प्रवर्द्धनको निम्ति सिविनले एक छुटै बालिका हक हित संरक्षण र सम्बर्द्धन कार्यक्रमको सञ्चालन गर्ने ।

५.१.४) हाम्रो देशमा बर्षौ देखि विकासको मूलप्रवाहमा नपरेका भाषाभाषी, जनजाती, धर्मावलम्बी, विभिन्न भौगोलिक बासस्थानबाट आएका, आर्थिक, सामाजिक परिवेश, फरक क्षमता भएका तथा जोखिम परिस्थितिका बालबालिकालाई संचेतना, सशक्तिकरण, सहभागिता तथा अन्य कार्यकमहरु मार्फत मूलप्रवाहमा ल्याउन प्रयत्न गर्ने ।

५.१.५) सिविनले सञ्चालन गर्ने संचेतना अभियान, प्रकाशन, अनुसन्धान, सूचना र सञ्चार तथा स्थलगत अध्ययन वा भ्रमणमा सिविनले लैंगिक तथा सामाजिक समावेशीकरणका सवालमा संवेदनशीलता दर्शाइने छ । सिविनद्वारा प्रकाशित गरिने सूचना तथा जानकारीमा सम्भव भएसम्म लैगिक, भाषाभाषी, जाती, भौगोलिकताका आधारमा वर्गिकृतगरी तथ्यांक उल्लेख तथा विश्लेषण गरिनेछ । साथसाथै सिविनबाट प्रकाशित गरिने प्रकाशनहरूमा आवश्यकता अनुसार विभिन्न स्थानीय भाषालाई पनि प्राथमिकता दिइने छ ।

**५.२ सिविनको प्रशासनिक व्यवस्थापन सम्बन्धमा**

५.२.१) सिविनको कुनै पनि कर्मचारी प्रति जाति, धर्म, लिंग, उमेर, रंग, भौगोलिक बासस्थान, भाषा, संस्कृति, भेषभूषा, आर्थिक, सामाजिक परिवेश, फरक क्षमताको आधारमा कुनै पनि किसिमको दुर्व्यहार र भेदभाव हुने छैन ।

५.२.२) सिविनको कर्मचारी भर्ना र नियुक्तिमा महिला तथा समाहित नभएका समुदायलाई प्राथमिकता दिइने छ ।

५.२.३) महिला तथा असमाहित समुदायका कर्मचारीलाई लैंङ्गिक समतालाई ध्यानमा राखी सशक्तिकृत र क्षमता अभिवृद्धिमा प्राथमिकता दिइनेछ ।

५.२.४) सिविनका कुनै पनि कर्मचारी (महिला वा पुरुष) प्रति कार्यक्षेत्रमा हुनसक्ने शोषण र यौन दुर्व्यवहारलाई दुरुत्साहन र अन्त्य गरिने छ ।

५.२.५) लैङ्गिक तथा सामाजिक समावेशीकरणको बिषयमा राम्रो ज्ञान भएका व्यक्तिलाई कर्मचारी तथा स्वयंसेवक नियुक्तिमा थप ग्राह्यता दिइने छ ।

## ६. व्यवहारिक आचार

६.१) सिविनका कार्यक्रममा जानाजान लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयलाई उपेक्षा गरेमा सिविनको मूल्य मान्यता विपरित काम गरेको ठहरिने छ ।

६.२) सिविनका कर्मचारीको व्यवहारबाट कहिं कतै अन्य कर्मचारीले एवम् संरक्षणमा रहेका बालबालिका लगायत अन्य जो कसैमाथि जातिय वा लैंगिक भेदभाव झल्काउने अभिव्यक्ति, यौन दुर्व्यवहार, अश्लिल शव्द र हाउभाउको प्रयोग, नराम्रो छुवाई, शारीरिक तथा मौखिक दुर्व्यवहार वा शोषण भएको उजुरी वा सूचना प्राप्त भएमा सिविनको नियमानुसार छानबिनगरी प्रमाणित भएमा कारवाही गरिने छ ।

६.३) संस्थासँग आवद्ध कर्मचारी तथा व्यक्तिहरु घरेलु हिंसामा संलग्न भएको उजुरी वा सूचना पाइएमा संस्थाको तर्फबाट आवश्यकता अनुसार छानविन गरी कारवाही अगाडि बढाइने छ ।

## ७. नीति कार्यान्वयनका लागि चालिने कदमहरू :

७.१ सिविन लैंगिक तथा सामाजिक समावेशीकरण नीतिबारे सरोकारवाला सबैलाई सहज ढंगले जानकारी गराइनेछ ।

७.२ संस्थाका सदस्य, कर्मचारी तथा स्वयंसेवक लगायत सम्वद्ध व्यक्तिहरूलाई सिविन लैंगिक तथा सामाजिक समावेशीकरण नीतिका बारेमा सुसुचित गराउँदै सो प्रति निजहरूको लिखित प्रतिवद्धता लिइने छ ।

७.३ सिविन लैंगिक तथा सामाजिक समावेशीकरण नीति सिविनका सबै कार्यक्षेत्रमा तत्काल लागू हुनेछ ।

७.४ सिविन लैंगिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार एक छुटै निकाय तथा जिम्मेवार व्यक्तिको व्यवस्था गरिने छ । उक्त निकाय वा व्यक्तिले सिविन लैंङ्गिक तथा सामाजिक समावेशीकरण नीतिको उल्लघनका घटनाहरू तथा कार्यक्षेत्रमा हुन सक्ने यौन दुर्व्यवहारका उजुरी सुन्ने र उचित कारवाही चलाउने लगायतका जिम्मेवारी बहन गर्नेछ ।

७.५ लैंङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहमा ल्याउन सिविनका सबै तहका कर्मचारी, तथा सिविनमा नियुक्त हुने नयाँ कर्मचारी र स्वंयसेवी सबैलाई लैंङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिने छ ।

७.६ कुनै पनि बालबालिका, सिविन कर्मचारी तथा आवद्ध व्यक्तिहरूद्धारा उठाइएका लैंङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित सवालहरू तथा गुनासाहरूलाई गम्भीरतापूर्वक लिइनेछ र सो को उचित सुनवाइ हुनेछ ।

७.७ सिविनले कार्यान्वयनमा ल्याएका विभिन्न कर्मचारी आचार संहिता, स्वयमंसेवक आचार संहिता तथा कर्मचारी प्रशासन नियमावली आदि यस सिविन लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिका अंगका रूपमा रहनेछन् ।

७.८ माथि उल्लेखित नीति तथा आचारसंहिताहरुको सबै सम्बन्धित पक्षले सम्मान गर्नु पर्दछ र कुनै कर्मचारीले उल्लघंन गरेमा सिविनको प्रचलित नियमानुसार कारवाही गरिनेछ ।